बैठक मिति : २०७७/०५/१४
बैठक संख्या : ४

छलफल तथा निर्णय

१. आ.व. २०७६/७७ को नीति तथा कार्यक्रम, बजेट तथा वार्षिक विकास कार्यक्रममा उल्लेखित आयोगसँग सम्बन्धित बुँदाहरुको कार्यान्वयनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश भई कार्यान्वयनमा लगिएको आयोगको आ.व. २०७६/७७ को वार्षिक कार्ययोजनाको प्रगति समीक्षा गरियो। उक्त कार्ययोजनामा रहेका सम्पन्न हुन बाँकी र कार्यान्वयको चरणमा रहेका कार्यक्रम तथा क्रियाकलापहरुलाई प्राथमिकताका साथ चालु आ.व. २०७७/७८ मा सम्पन्न गर्ने गरी अगाडी बढाउने।

२. आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम, बजेट तथा वार्षिक विकास कार्यक्रममा उल्लेखित आयोगसँग सम्बन्धित बुँदाहरुको कार्यान्वयनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश भएको आयोगको वार्षिक कार्ययोजनाका सम्बन्धमा हालसम्मको प्रगति स्थिति र आगामी दिनमा गर्नुपर्ने कार्यहरुका बारेमा छलफल गरियो। यस कार्ययोजनाका सम्बन्धमा सबै महाशाखा तथा केन्द्रीय तथ्याङ्क विभागले तदारुकताका साथ लक्षित समयमै उपलब्धि हासिल हुने गरी कार्यसम्पादन गर्ने।